गाउँ कार्यपालिकाको बैठक औ

मिति २०८२/०२/२९

समयः विहान ७:०० बजे

आज मिती २०८२/०२/२९ गते यस टेम्केमैयुङ गाँउपालिकाका अध्यक्ष श्री सरोज वस्नेतको अध्यक्षतामाबसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्ताब माथि छलफल गरी निर्णय गरियो ।

उपस्थीती

| | | |
|---|---|---|
| श्री सरोज वस्नेत | गा.पा. अध्यक्ष | |
| श्री रमादेवी राई | गा.पा. सदस्य | |
| श्री नर बहादुर राई | गा.पा. सदस्य | |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य | |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य | |
| श्री हर्कराज राई | गा.पा. सदस्य | |
| श्री सुनिल राई | गा.पा. सदस्य | |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य | |
| श्री वाल वहादुर खड्का | गा.पा. सदस्य | |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य | |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य | |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य | |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य | |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य | |
| श्री सन्तोष राई | गा.पा. सदस्य | |
| श्री कल्पना परियार | गा.पा. सदस्य | कल्पना |
| श्री अदित दाहाल | प्रमुख प्रशासकीय अधिकृत | |

श्री गंगा वहादुर तामाङ	का.वा. वडा अध्यक्ष वडा नं. ८

बैठक समन्वय सहयोगी

ईन्जिनियर श्री रामकुमार तामाङ

प्रशासन शाखा प्रमुख श्री गणेश प्रसाद धिमाल

सूचना प्रविधि अधिकृत श्री धिराज बस्नेत

लेखा शाखा प्रमुख श्री अर्जुनजंग बस्नेत

प्राविधिक श्री जितेन्द्र अधिकारी

योजना शाखा श्री लिला प्रसाद पराजुली

प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।
२) वडालाई वजेट सिलिङ दिने सम्वन्धमा ।
३) गाउँसभा तयारी सम्वन्धमा ।
४) भेरिएसन आदेश (VO) गर्ने सम्वन्धमा ।
५) श्रद्धाञ्जली अर्पण गर्दै शोक प्रस्ताव सम्बन्धमा ।
६) एम्बुलेन्स चालकको पारीश्रमिक सम्बन्धमा ।
७) सुन्तला क्षेत्र विस्तार कार्यक्रम संचालन सम्बन्धमा ।
८) मल ढुवानीको रकम भुक्तानी सम्वन्धमा ।
९) रकम विनियोजन सम्वन्धमा ।

<u>निर्णयहरु</u>

निर्णय नं. १. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।

अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समिक्षा गरियो ।

निर्णय नं. २ वडालाई वजेट सिलिङ निर्धारण सम्वन्धमा ।

आ.ब. २०८२/८३ का लागि प्रत्येक वडा कार्यालयलाई देहाय अनुसारको बजेट सिमा निर्धारण गरि बजेटको सिमा (ceilling) तोक्ने र सोही अनुसार वडाले स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शनको अधिनमा रहि वजेट तथा कार्यक्रम तय गरि गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

वडा नं. १,२,९ लाई रु ३० लाख

वडा न. ५,७ र ८ लाई रु २८ लाख

वडा नं. ३,४, र ६ लाई रु २६ लाख

निर्णय नं.३ गाउँसभा तयारी सम्बन्धमा ।

टेम्केमैयुङ गाउँपालिकाको आ.व. २०८२/८३ को लागि गाउँसभा मिति २०८१ असार १ गते देखि निरन्तर रुपमा विभिन्न विषयगत समितिको बैठक बसी असार १० गते बजेट तथा कार्यक्रम गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. भेरिएसन आदेश (VO ) गर्ने सम्वन्धमा ।

यस गाउँपालिकाको ठेक्का न 08/BHO/TRM/ROAD/2081/82 को गोगने खोला मोटरेबल पुल बतासे-सल्लेनी टेम्केमैयुङ गा.पा. ७ को ठेक्का अरुण भ्याली ईन्जिनियरिङ कन्सल्ट एण्ड विल्डर्स, भोजपुरको नाममा स्वीकृत भई सझौता भए बमोजिमको निर्माण कार्यको अवस्थामा सडक चौडा गर्ने क्रममा सडकको भित्तामा रहेको सिंचाई कुलोको संरचना बिग्रिएको हुँदा उक्त कुलोको संरचनालाई व्यवस्थित गर्न उपभोक्ता समिति र ७ नं. वडा कार्यालयबाट निवेदन पेश भएको सम्बन्धमा उक्त कुलोको संरचना संरक्षण गर्न BOQ मा भएको भन्दा Earthwork, Stone Masonry Work र PCC Work को परिमाण वढी गर्नुपर्ने भएकोले उक्त वढी भएको परिमाणको प्राविधिक पुष्ट्याइ सहित कार्यपालिकामा पेश भएको हुँदा उक्त ठेक्काको १९ प्रतिशत रकम बराबरको भेरिएसन आदेश (VO ) गर्ने र सोको लागत खर्च सोही आयोजनाको ठेक्काबाट बाँकी रहेको रकमवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५ श्रद्धाञ्जली अर्पण गर्दै शोक प्रस्ताव सम्बन्धमा ।

यस गाउँपालिकाको वडा नं. ३ अन्नपुर्ण निवासगाउँ कार्यपालिका सदस्य श्री मकना देवी चर्मकारको पिता स्व. भव प्रसाद चर्मकारको मिति २०८२/०२/२१ गते असामयिक निधन भएकोमा दुःख व्यक्त गर्दै गाउँपालिकाले एक असल नागरिक गुमाएको हुँदा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं साथै शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्ने आजको वैठकवाट पारित गरियो ।

**निर्णय नं. ६ एम्बुलेन्स चालकको पारीश्रमिक सम्बन्धमा ।**

यस गाउँपालिका अन्तर्गत वडा नं. ६ र ७ मा संयुक्त रुपमा नेपाल रेडक्रस सोसाइटी उपशाखा कोटमा संचालित एम्बुलेन्स चालकको पारीश्रमिक यस गाउँपालिकाबाट स्वीकृत भएको एम्बुलेन्स संचालन कार्यविधि, २०८१ बमोजिम मिति २०८१ फागुन महिना देखि उपलब्ध हुने गरी पारीश्रमिक रकम यस गाउँपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ सुन्तला क्षेत्र विस्तार कार्यक्रम संचालन सम्बन्धमा ।**

आ.व. २०८१/०८२ को संघिय शसर्त अनुदान तर्फ कृषि विकास शाखा मार्फत सञ्चालन गरिने नमुना सुन्तला बगैचा स्थापना सहित गुरु किसान परिचालन र क्षेत्रफल विस्तार कार्यक्रम सञ्चालनको लागि मिति २०८२/०१/२४ मा प्रकाशित सूचना अनुसार सूचना अवधि भित्र जम्मा ४ वटा फर्म तथा कृषि समुहहरुको आवेदन आएकोमा उक्त कृषि फर्महरुले पेश गरेको कागजातको आधारमा उक्त फर्महरुलाई निम्नानुसारकोकार्यक्रम **कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१** अनुसार सञ्चालनको लागि दिने निर्णय गरियो ।

| क्र.स. | फर्मको नाम | ठेगाना | छनौट भएको कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मुलपानी कृषि तथा पशुपालन फर्म | टेम्केमैयुङ – ५, खावा | सुन्तला क्षेत्रफल विस्तार, कृषि औजार खरिद र सिँचाई ब्यावस्थापन । | |
| २ | श्री दिब्यभुमी नर्सरी | टेम्केमैयुङ – ३, अन्नपुर्ण | सुन्तला क्षेत्रफल विस्तार, कृषि औजार खरिद र सिँचाई ब्यावस्थापन । | |
| ३ | श्री जाल्पादेवी कृषि तथा पशुपालन फर्म | टेम्केमैयुङ – ९, लेखर्क | सुन्तला क्षेत्रफल विस्तार, कृषि औजार खरिद र सिँचाई ब्यावस्थापन । | |
| ४ | श्री साकेवा कृषि तथा पशुपंक्षी फर्म | टेम्केमैयुङ – ४, नागी | गुरु किसान तथा उच्च घनत्वमा सुन्तला खेती बगैचा विस्तार कार्यक्रम । | |

**निर्णय नं. ८ मल ढुवानीको रकम भुक्तानी सम्बन्धमा ।**

क. यस गाउँपालिकाबाट आ.व. २०८०/८१ मा रासायनिक मल ढुवानी शिर्षकमा विनियोजन भएको रकमबाट मिति २०८१ असार ३० गते ढुवानी भएको मलको भुक्तानी दिन अपुग भएको रकम र यस आ.व. २०८१/८२ मा अपुग हुन गएको रासायनिक मल ढुवानीको रकम रु ५ लाख कृषि पकेट कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरियो ।

ख. यस आ.व. २०८१/८२ मा कृषि पकेट कार्यक्रममा विनियोजन भएको रकमबाट रु ५ लाखको सुन्तलाको बिरुवा खरिद गरी भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ रकम विनियोजन सम्बन्धमा।

आ.व. २०८१/८२ मा विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकमबाट यस गाउँपालिका अन्तर्गत वडा नं. ९ लेखर्कको स्यालगौडे खोला देखि पाँचधारे सडकमा मिति २०८२ जेष्ठ १५ गते राति परेको अविरल वर्षातको कारण सडकमा बाढी पहिरोले क्षति भएको हुँदा उक्त सडक मर्मत संभार गर्न ९ लाख बजेट विपद् व्यवस्थापन कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।